श्री ५ को सरकार

# राष्ट्रिय सतर्कता केन्द्र,सिंहदरवार

# आ.व.०६०।०६१ को वार्षिक प्रतिवेदन

| क्र.सं. | कार्यहरु | वार्षिक प्रगति |
|---|---|---|
| १ | श्री ५ को सरकारका मन्त्रालय/विभाग/कार्यालय र संस्थानहरुमा प्रशासनिक अनियमितता, ढीलासूस्ती र भ्रष्टाचार नियन्त्रणमा सघाउ पुऱ्याउन निरीक्षण, अनुगमन गर्ने । | श्री ५ को सरकारका मन्त्रालय/विभाग/कार्यालय र संस्थानहरुमा प्रशासनिक अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रणमा सघाउ पुऱ्याउन निरिक्षण, अनुगमन गर्ने सिलसिलामा निम्न बमोजिम निरिक्षण अनुगमन र छड्के जाँच भएको ।<br>(क) ०६० मंसिरको पहिलो सप्ताहको अन्तमा मोरङ्ग, सुनसरीका विभिन्न कार्यालयहरु निरिक्षण, अनुगमन गर्न टोली खटाइएकोमा प्राप्त प्रतिवेदन उपर आवश्यक कारवाही भएको ।<br>(ख) ०६० मंसिरकै पहिलो सप्ताहमा रुपन्देही र चितवनका विभिन्न कार्यालयहरु निरिक्षण, अनुगमन गर्न टोली खटाइएकोमा उक्त टोलीबाट प्राप्त प्रतिवेदन उपर कारवाही भएको ।<br>(ग) ०६० फाल्गुणको पहिलो सप्ताहमा विभिन्न कार्यालयहरुको निरिक्षण, अनुगमन र छड्के जाँच गर्ने सिलसिलामा एउटा टोली वारा, पर्सा र अर्को टोली बाँके, बर्दिया खटाइ उक्त टोलीहरुबाट प्राप्त प्रतिवेदन उपर कारवाही भएको ।<br>(घ) २०६० साल फाल्गुणको अन्ततिर कास्की र तनुहँका विभिन्न कार्यालयहरुको निरिक्षण, अनुगमन र छड्के जाँच गर्न एक टोली र सोही समयमा इलाम, झापा र मोरङको विभिन्न कार्यालयहरुको निरिक्षण, अनुगमन र छड्के जाँच गर्न कर्मचारी खटाइएकोमा प्राप्त प्रतिवेदन उपर कारवाही भएको ।<br>(ङ) २०६० साल माघ महिनाको अन्तमा काठमाण्डौं स्थित विभिन्न ६ सार्वजनिक संस्थानका केन्द्रीय कार्यालयहरुको कामकारवाही र हाजिरीको छड्के जाँच गरी प्राप्त प्रतिवेदनका आधारमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाएको ।<br>(च) २०६० साल आषाढ १ गते वारा, पर्सा, धनुषा, महोत्तरी, मकवानपुर र चितवनका विभिन्न सरकारी कार्यालयहरु निरिक्षण, अनुगमन, छड्के जाँच गर्न खटाइएकोमा उक्त टोलीबाट प्राप्त प्रतिवेदन उपर आवश्यक कारवाही भईरहेको । |
| २ | राजश्व संकलनसंग सम्बन्धित, सेवाग्राहीसंग सम्बन्धित र सार्वजनिक निर्माणसंग सम्बन्धित मन्त्रालयहरुको निरीक्षण, अनुगमन निर्देशिका तयार गर्ने । | श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाहरुमा प्रशासनिक अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रणमा सघाउ पुऱ्याउन प्रभावकारी निरिक्षण, अनुगमनका लागि आन्तरिक राजश्व, भन्सार, मालपोत कार्यालय जस्ता राजश्व संकलन सँग सम्बन्धित कार्यालयहरुको, खानेपानी, टेलिकम्युनिकेशन, विद्युत कार्यालय जस्ता सेवाग्राहीसँग सम्बन्धित कार्यालयहरुको र सार्वजनिक निर्माणसंग सम्बन्धित कार्यालयहरुको निरिक्षण, अनुगमन निर्देशिका तयार गरी सकिएको । |

| | | |
|---|---|---|
| ३ | कार्यालयहरुमा ढिलासुस्ती हटाउने, कर्मचारीहरुमा पारदर्शीता र जवाफदेहीता बढाउने र सर्वसाधारणमा भ्रष्टाचार विरोधी जनमत सिर्जना गराउन जनचेतना अभिबृद्धि गर्ने (क्षेत्रीय सेमिनार गर्ने) । | कार्यालयहरुमा ढिलासुस्ती हटाउन, कर्मचारीहरुमा पारदर्शिता र जवाफदेहिता बढाउन र सर्व सधारणमा भ्रष्टाचार विरोधी जनमत सिर्जना गराउन जनचेतना अभिवृद्धि गर्न क्षेत्रिय सेमिनार गर्ने कार्यक्रम भएकोमा मिति ०६० फाल्गुण २८ गते पोखरामा र ०६१ आषाढ ७ गते हेटौंडामा क्षेत्रीय गोष्ठी सम्पन्न भएको । |
| ४ | केन्द्रलाई आवश्यक श्रोत साधनको व्यवस्था गरी सक्षम र सुदृढ तुल्याउने । | केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्था गरी सक्षम र सुदृढ तुल्याउने सन्दर्भमा अत्यावश्यकीय भौतिक सामग्रीहरु खरिद गर्नुका साथै केन्द्र रहेको भवन पुरानो र जिर्ण भएको हुँदा केही खण्डको मर्मत गरिएको । प्राविधिक परिक्षणको कार्यलाई प्रभावकारी बनाउन नव गठित प्राविधिक परिक्षण महाशाखाको सुदृढिकरणका लागि ADB को प्राविधिक सहयोग (TA) मा कार्य प्रारम्भ भएको । |
| ५ | प्राप्त सम्पत्ति विवरण प्रचलित कानून बमोजिम छानविन गरी आवश्यक कार्वाहीको सम्बन्धित निकायहरुमा लेखी पठाउने । | बिशिष्ठ श्रेणीका कर्मचारीहरुको सम्पत्ति विवरण छानविन एवं अनुगमनको लागि माग गरी निजामती कितावखानामा पत्राचार गरिएकोमा सोको जवाफ प्राप्त नभएको । |
| ६ | सार्वजानिक निर्माणको गुणस्तरीयता कायम गर्ने तथा यसमा संलग्न व्यक्तिहरुलाई सदाचारभित्र राख्न प्राविधिक परीक्षण (Technical Audit) महाशाखा खडा गरी प्रभावकारी परीक्षणको व्यवस्था गर्ने । | प्राविधिक परीक्षणको कार्यलाई प्रभावकारी बनाउने सन्दर्भमा मं.प.को मिति ०६०।८।१८ को निर्णयानुसार आवश्यक दरबन्दी सहितको प्राविधिक परीक्षण महाशाखाको संगठन संरचना स्वीकृत भई अधिकांश दरबन्दी पूर्ति भएको र ADB को प्राविधिक सहयोग (TA) मा प्राविधिक परीक्षण सम्बन्धी कार्य प्रारम्भ भएको । |
| ७ | मन्त्रालय, विभाग र कार्यालयहरुको व्यवस्थापकीय पक्षमा सुधार गर्न, अध्ययन, निरीक्षण र अनुगमनको कार्य गर्ने | बैदेशिक रोजगारी र जग्गा दर्ता सम्बन्धमा हालको अवस्था र देखापरेका समस्याहरुको अध्ययन गर्न छुट्टाछुट्टै टोली गठन गरिएको र उक्त टोलीहरुबाट स्थलगत भ्रमण समेतको आधारमा अध्ययन प्रतिवेदन प्रस्तुत भई प्राप्त सुझाव कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखि पठाइ सकिएको । |
| ८ | राष्ट्रिय सतर्कता केन्द्रको गतिविधि सवैलाई सहजै उपलब्ध गराउन छुट्टै Web Site निर्माण गर्ने । | यस केन्द्रको गतिविधि सबैलाई सहजै उपलब्ध गराउन **WWW.NVC.GOV.NP Website** निमार्ण गर्ने काम भई सकेको । |

| | | |
|---|---|---|
| ९ | नागरिक समाजसमेतको सहभागितामा भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय छवि प्रस्तुत गर्ने विभाग/निकाय/कार्यालयहरुको मूल्याङ्कन गरी बर्षको "उत्कृष्ट निकाय" घोषणा गर्ने । | नागरिक समाज, प्रो पव्लिक, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल शाखा समेतको सहभागितामा विभिन्न चरणमा बैठक बसी "उत्कृष्ट निकाय" घोषणा गर्ने सन्दर्भमा सोका सूचकांकहरु(**Indicators**) को मस्यौदा गरी अध्ययनार्थ सहभागीलाई वितरण गरिएको । |
| १० | अधिराज्यभरका सरकारी, सार्वजनिक तथा गुठी जग्गाहरुको अभिलेख अद्यावधिक गरी गुठी संस्थान र राष्ट्रिय सतर्कता केन्द्रमा राख्ने व्यवस्था मिलाउने । सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थापनलाई प्रभावकारी बनाई जग्गा हडप्ने प्रवृत्तिलाई कडाइकासाथ नियन्त्रण गर्ने । | ● भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भू-सूचना तथा अभिलेख विभाग, नापी विभाग, भूमि व्यवस्थापन विभाग, गुठी संस्थानको सहभागीतामा बैठक गरी सरकारी, सार्वजनिक तथा गुठी जग्गाहरुको अभिलेख सम्बन्धमा यथाशीघ्र सम्बन्धित निकायहरुले अद्यावधिक गरी गराइ राख्ने सम्बन्धमा छलफल भएको ।<br>● सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थापनलाई प्रभावकारी बनाइ जग्गा हडप्ने प्रवृतिलाई कडाइका साथ नियन्त्रण गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयले सजगता अपनाउने र अर्न्तगतका निकायहरुको निरिक्षण अनुगमन गर्दा त्यसतर्फ ध्यान दिने तथा यस कार्यमा स्थानीय निकायले सक्रिय र प्रभावकारी भूमिका खेल्न सक्ने भएकाले आगामी बैठकमा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, सम्भव भएसम्म स्थानीय निकायका पदाधिकारी आमन्त्रण गरी भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने निर्णय भएको । |
| ११ | विभिन्न स्रोतहरुवाट प्राप्त उजुरीहरुको छानविन तथा अन्वेषण गर्ने । | ❖ आ.व. ०५९।६० बाट जिम्मेवारी सर्न आएका उजुरी संख्या : ५०<br>❖ आ.व. ०६०।६१ मा पर्न आएका जम्मा उजुरी संख्या : १५३<br>❖ आ.व. ०५९।६० बाट जिम्मेवारी सर्न आएका उजुरी मध्ये फछ्र्यौट संख्या : २७<br>❖ आ.व. ०६०।६१ मा पर्न आएका उजुरी मध्ये फछ्र्यौट संख्या : ६७<br>❖ जम्मा उजुरी (आ.व. ०५९।६० बाट जिम्मेवारी सरेका समेत) : २०३<br>❖ जम्मा फछ्र्यौट उजुरी(आ.व. ०५९।६० बाट जिम्मेवारी सरेका समेत): ९४<br>❖ जम्मा फछ्र्यौट गर्न बाँकी उजुरी(आ.व. ०५९।६० बाट जिम्मेवारी सरेका समेत) : १०९ |